नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं श्रावण २२ गते २०१३ साल [संख्या १५

अर्थमन्त्रालयको विज्ञप्ति

अबउप्रान्त मो. ६. लगत दरबन्दी र कं. रु. लगत दरबन्दी भएका सबै जिल्लाका समेत समस्त कर्मचारीहरूलाई तलब भत्ता खर्च लेखी खुवाउने र अरु सरकारबाट खर्च गर्नुपर्ने सबै कलममा समेत निम्न दफा दफामा लेखिएबमोजिम खर्च गर्ने र तलब भत्ता खर्च लेखी खुवाउने काम गर्नु गर्न लाउनुहोला ।

१. सरकारबाट सरहदभरमा आपना मुद्राको चलन चल्ती गराउने उद्देश्यले नोकसानीको परवाह नगरी एउटा ठूलो कदम उठाएको र जुन सिक्कामा लगत छ उसैइलाकामा त्यसै सिक्कामा आमदानी खर्च गर्ने प्रचलित रीतिस्थितिबमोजिम अब भरमुलुकमा मोरू मै लगत रहन आएकोले कर्मचारीहरूको तलब भत्ता इत्यादि र अरु खर्च हुने कलममा समेत मोरू नै दिने खर्च गर्न तथा आमदानी हुनेमा पनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मोरू नै लिने अनुपर्ने देखिन्छ । तर यो कदम हाल्ने काम उठाइएकोले इलाका ईलाकाहरूमा राम्रोसम मोरूको चलन चल्ती व्यवहार भैनसकेकोले उपरोक्त लेखिएबमोजिम मर्दा चलाउनुपर्ने काम चलाउन मुश्किल हुने सरकारी कर्मचारीहरूले आफ्नो दैनिक खर्च गर्न बाधा पर्ने तथा ठेक्का रकमका किस्ता र तलबीबाहेक अरू सरकारमा दाखिल हुने दण्ड जरिवाना महसूल इत्यादिमा नोकसान पर्नेसमेत हुँदा अर्को आदेश नभएसम्मलाई देहायका दफा दफामा लेखिएबमोजिम गर्ने ।

(क) कर्मचारीको तलब भत्ताबाहेक अरू सरकारबाट खर्च गर्नुपर्ने सबै कलममा २०१२ सालसम्म भारतीय मुद्राबा चलत रहेका र्स्वै अड्डाहरूले अर्को आदेश नभएसम्म भारतीय रुपैयाँ नै खर्च गर्ने । सो गर्न भारतीय रुपैयाँको मौजूदात नरहेमा बाहिरमा आहेर गरी निकाशा गराई लिने गर्नु ।

(ख) २०१२ सालसम्म भारतीय रुपैयाँमा भावपोतको चलत रहेका इलाकाका कर्मचारीहरूमध्ये मोरूमा तलब ठेकिएकालाई दरबन्दीबमोजिमको तलब मोरूमै दिने; सोबाहेकको अरू भारतीय रुपैयाँमा तलब भत्ताको दरबन्दी ठेकिएका जवानलाई २०१२ साल आषाढ मसान्तसम्म दरबन्दीबमोजिम भारतीय रुपैयाँ दिने २०१३ साल श्रावण १ देखिलाई त्यस्तो तलब भत्ताको दरबन्दीबमोजिमको अङ्कबमोजिम मोरू नै तलब भत्ताको दरबन्दी कायम गरी मोरूमै दिने र अर्को आदेश नभएसम्म त्यस्ता जवानलाई दरबन्दीबमोजिमको तलब भत्ताको सयकडा २८ अठाइसले हुने अङ्कबमोजिमको मोहरू स्थानीय भत्ता गरी थप दिने ।

(ग) यसै दफाको (ख) दफाबमोजिम गर्दा जिल्ला इलाकाहरूमा मोरूको राम्रो चलन चल्तीमा आइनसकेबाट कर्मचारीहरूको दैनिक व्यवहार चलाउन मुश्किल पर्ने हुँदा तलब भत्ता स्थानीय भत्तासमेतको जम्माको ७५ पचहत्तर प्रतिशतको मोहरू १२८ एक सय अठाइसको भारतीय रु । १०० एकसयको दरले भारतीय रुपैयाको भारतीय रुपैयाँ तलब दिने अङ्कले सबैही गरिदिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) यसै दफाको (ग) दफाबमोजिम तलब भत्ता स्थानीय भत्ताको जम्माको ७५ पचहत्तर प्रतिशतको उक्त दफामा लेखिएबमोजिम भारतीय रुपैयाँ सटही गरी दिएपछि कसैलाई दैनिक खर्च गर्न नपुग भएमा कारण खुलाई इलाका गोस्वारामा निवेदन दिएमा गोस्वारावाट पनि कारण मुनासिब देखी लेखी पठाएमा बाँकी २५ पच्चीस प्रतिशतको पनि सो (ग) दफाबमोजिमका दरले भारतीय रुपैयाँ तलब खर्च लेखि दिने अड्डाले पेहोरा जनाई खर्च लेखि दिने ।

(ङ) २०१२ सालअगावै मासिक दरमासिकदेखि मो. रु. खत भएको ठाउँमा २०११-१२-२९ को खण्ड ४ संख्या ३४ को गजेटले मो. रु खत दरबन्दी भएको ठाउँमा कम्पनी भारतीय रुपैयाँ तलब पाउने गरि आएका सरकारी कर्मचारीहरुलाई निजहरुले पाउने मासिक तलबको सयकडा ५० पचास सयकडा मो. रु. १५० को दरले मो. रु. दिने भै २०११ साल चैतदेखि लोबमोजिम भै आएकोमा २०१२ आषाढ वसान्त सम्मलाई लोहीबमोजिम गर्ने २०१२ साल श्रावणदेखिलाई त्यस्तो २०१३ सालअगावै मासिकदेखि मोल खत दरबन्दी भएको ठाउँमा भारतीयरुपैयाँमा तलब भत्ता पाउने गरी आएका सरकारी कर्मचारीहरुलाई निजहरुले मासिक पाउने तलब भत्ताको जम्मा अंकको सयकडा ५० पचास भारतीय रुपैयाँ ले र बाँकी सयकडा ५० को भारतीय रुपैयाँ १०० को मोहरु १२८ एक सय अठाइसको दरले हुने अंकबमोजिमको मोल ले दिने।

(च) तराई जिल्ला जहाँ २०१३ सालअघि भारतीय रुपैयाँको खत रहेकोछ, त्यस्ता इलाकाका बडाहाकिमहरुले निजहरुको तलब मोल मै दरबन्दीमै ठेकिएको भए तापनि दरबन्दीबमोजिमको तलबको मोहरु १२८। एकसय अठाइसको भा. रु. १०० एकसयको दरले सटही गरिदिने गरी तराईका मालहरु

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको मात्र लागु हुनेछ।

मा आदेश जारी भैरहेकोले सो बहाहाकिमहरुको तलबका हकमा प्रचलित आदेश ने कायम राख्ने गर्ने ।

(ख) जुन इलाकामा जुन रुपैयाँ लगत छ, आमदानी खर्च पनि सोही रुपैयाँमा गर्ने प्रथा चली आएको र अमिनी जाफता (अदालती बन्दोबस्त चौथा भाग) ६६ नम्बरमा बिगो कस्दा दण्ड जरिवाना मर्दा जितौरी इत्यादि लिंदा कैद ठेक्का समेतमा लिनुपर्दा कम्पनी ने लिने भनी भन्ने लेखेको उक्त अमिनी जाफता सरहद्दका तराई जिल्ला सबैमा र पहाडका भारतसंग सीमाना जोडिएको १।२ ठाउँमा अमिनी रहेका जतिमा लागू हुने भैआएको लगत रहेको सिक्कामा असूल उपर मर्दा २०१३-१-४ मा प्रकाश भएको विज्ञप्तिसंग बाझिने मात्र होइन कि तराई इलाकामा पनि सबै आमदानी हुने ठेक्का रकमको किस्ता र सलामी राख्ली बाहेकको कलममा मोरू नै लिनुपर्ने मात्र होइन कि ऐन सवालमा लेखिएको अंकबमोजिम भारतीयको सट्टा मोरूमा लिनुपर्ने हुन आउने हुँदा हालसाई प्रचलित ऐन सवाल कायम राखी २०१३-१-३ को विज्ञप्तिबमोजिम भारतीय रुपैयाँको सयकडा १२८ ले मोहरू लिने ने कायम राख्ने ।

आज्ञाले—
नीरराज राजभण्डारी,
सेक्रेटरी—अर्थमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।